परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक ३७८ •२०७९ साल चैत २० सोमबार •(3 April-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## महोत्तरीबाट मिटरब्याजपीडितको अर्को समूह काठमाडौं जाने



गणेश कुशवाहा, गौशाला।

महोत्तरीबाट मिटरब्याजपीडितको अर्को समूह पनि काठमाडौं जाने भएको छ। सरकारले काठमाडौंमा विभिन्न सहमति गरे पनि आफूहरू विश्वस्त हुन नसकेको भन्दै उनीहरू काठमाडौं जाने भएका हुन्। सरकारले सहमति गरेका विषय कार्यान्वयन नभएसम्म विश्वस्त हुन नसकिने भन्दै उनीहरूले आन्दोलनबाट पछि नहट्ने जनाएका छन्। आइतबार जिल्लाको गौशालामा पीडितहरूले आन्दोलन गरे। गौशाला नगर परिक्रमा गर्दै उनीहरूले नगरपालिका कार्यालय प्रांगण पुगेर आफूहरूको आन्दोलनमा सघाउन स्थानीय सरकार गुहारेका छन्। नगर कार्यालय पुगेका पीडितहरूलाई मेयर डा. दीपेन्द्र महतोले काठमाडौं जान यातायातको लागि सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले नगरपालिकाभित्रका पीडितहरूलाई पालिकाको न्यायिक समितिमा निवेदन दिन पनि आग्रह गरेका छन्। पीडितहरू आजै वा भोलि काठमाडौंका लागि निस्कने तयारीमा छन्।

## महोत्तरीबाट एसईईमा मोबाइल प्रयोग गर्ने १ जना विद्यार्थी निष्कासन

टक नेपाल, बर्दिबास।

महोत्तरी जिल्लाको औरही नगरपालिका २ औरही स्थित श्री प्रसाद सिंह माबि बिधालय औरहीमा एसईई को आज दोस्रो दिन अनिवार्य गणित विषयको परीक्षामा अमर्यादित कार्य गरेको भन्दै १ जना परीक्षार्थीलाई निष्कासन गरिएको छ। महोत्तरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने र शिक्षा विकाश तथा समन्वय इकाईका प्रमुख भरत बाबु सुवेदीको नेतृत्वमा गएको अनुगमन टोलीले परीक्षामा मोबाईल कसैको छ भनेर भने पछी



सो बिधार्थीले आफ्नो मोबाईल निकालेर दिएपछी बिधार्थीले मोबाईलको इमो एप्स मार्फत प्रशन पत्र बाहिर निकालेको प्रयोग गरी परीक्षाको मर्यादा विपरीत कार्य गरेको भन्दै श्री प्रसाद सिंह माबि बिधालयबाट एक बिधार्थीलाई निष्कासन गरेको हो। त्यस्तै एसईईको पहिलो दिन अंग्रेजी बिषयको परीक्षामा अमर्यादित कार्य गरेको भन्दै १ जना बिधार्थी लाई एकडारा गाउपलिका ६ स्थित रहेको श्री जनता माबि बिधालय कोल्हुवा बगेयाबाट १ जना परीक्षार्थीलाई निष्कासन गरिएको थियो। यस वर्षको एसईई परीक्षामा महोत्तरी जिल्लाबाट ९ हजार ५४ जना परीक्षार्थी सहभागी रहेको जिल्ला शिक्षा विकाश तथा समन्वय इकाईका प्रमुख सुवेदीले जनाएको छ।

### बारा- २ मा हेभिवेट भिडन्त :

## पूर्वमन्त्री पौडेललाई अघि सार्ने एमालेको तयारी



टक नेपाल, काठमाडौं।

आगामी १० वैशाखमा हुने बारा क्षेत्र नं. २ मा उपनिर्वाचनका लागि नेकपा एमाले बाराले पूर्वमन्त्री पुरुषोत्तम पौडेलसहित तीनजनाको नाम सिफारिस गर्ने भएको छ। जिल्ला कमिटीले पोलिटव्युरो सदस्य एवम् मधेस प्रदेश सहइन्चार्ज समेत रहेका पौडेलसहित राजेश साह र बन्दना सिंहको नाम सिफारिस गर्ने निर्णय गरेको हो। साह एमाले प्रदेश कमिटी सदस्य र सिंह अनेमसंघ बाराकी अध्यक्ष हुन्। बारा-२ मा उपनिर्वाचन हुने भएपछि एमाले वृत्तमा पौडेललाई उम्मेदवार बनाउनुपर्ने चर्चा चलिरहेको थियो। २०७० सालमा बारा क्षेत्र नं. ६ बाट संविधानसभा सदस्यमा निर्वाचित भएका पौडेल त्यसयता चुनाव लडेका छैनन्। उनी सुशील कोइराला नेतृत्वको सरकारमा युवा तथा खेलकुदमन्त्री समेत रहेका थिए। पछिल्लो दुई निर्वाचनमा बारा क्षेत्र नं.१ बाट प्रतिनिधिसभा सदस्य पदका लागि आकांक्षी रहेका पौडेलले टिकट पाएनन्। उनी आकांक्षी रहेको क्षेत्रमा अच्युत मैनालीले उम्मेदवार बने। २०७४ सालमा पराजय व्यहोरेका मैनाली यसपटक नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीलाई पराजित गर्दैप्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका छन्।

सप्तरी-२ बाट पराजित जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले बारा-२ बाट चुनाव लड्ने भएपछि एमालेले हेभिवेट उम्मेदवारका रुपमा पौडेललाई अघि सार्न थालेको हो। उपराष्ट्रपति रामसहाय यादवले एमालेसँगको तालमेलमा सो क्षेत्रबाट चुनाव जितेका थिए। उनी उपराष्ट्रपतिमा निर्वाचित भएपछि रिक्त रहेको उक्त क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो। यसैगरी जनमत पार्टीबाट शिवचन्द्र कुशवाहा उम्मेदवार बन्ने निश्चित छ। नेकपा माओवादी केन्द्रका कुशवाहा हालका उपराष्ट्रपति यादवसँग पराजित भएका थिए। उपनिर्वाचनमा माओवादी केन्द्र र कांग्रेसले जसपा अध्यक्ष यादवलाई सघाउने संकेत पाएपछि कुशवाहा जनमत पार्टी प्रवेश गरेर उम्मेदवार बन्न लागेका हुन्। रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीबाट रमेश खरेल उम्मेदवार बन्ने तयारीमा छन्।काठमाडौं १ बाट पराजित खरेललाई स्वतन्त्र पार्टीले उम्मेदवार बनाउन लागेको हो। खरेल काठमाडौं १ मा नेपाल सुशासन पार्टीबाट उम्मेदवार थिए। उपनिर्वाचनमार्फत प्रतिनिधिसभामा प्रवेश गर्न हेभिवेट उम्मेदवारहरु बारा- २ केन्द्रीत भएपछि चुनाव प्रतिस्पर्धात्मक हुने देखिएको छ। बारा- २ मा स्वतन्त्र उम्मेदवार समेत देखिनेछन्। राष्ट्रिय राजनीतिमा प्रभावशाली मानिएका जसपाका अध्यक्ष उपेन्द्र यादवलाई संसद प्रवेशमा फेरि रोक लगाउन लोसपाका नेता राजेन्द महतोलाई बारा- २ मा अघि सार्ने योजना बनाएको स्रोतको दाबी छ। यस अघिको निर्वाचनमा सर्लाही-२ बाट माओवादीका उम्मेदवार महिन्द्रराय यादवसँग पराजित भएका महतोलाई उम्मेदवार बनाउने लोसपाको तयारी रहेको छ। आगामी वैशाख १० मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि यही चैत २० गते सोमबार उम्मेदवारको मनोनयनपत्र दर्ता हुँदैछ। निर्वाचन आयोगले तय गरेको कार्यक्रम अनुसार निर्वाचनमा भाग लिन दर्ता भएका राजनीतिक दलका तर्फबाट र स्वतन्त्र उम्मेदवारले सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नेछन्। गत मङ्सिर ४ गतेको निर्वाचनमा निर्वाचित रवी लामिछाने नागरिकता सम्बन्धी मुद्धामा सर्वोच्च अदालतको फैसलाबाट पदमुक्त भएपछि चितवन क्षेत्र नं. २, राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भएपछि तनहुँ निर्वाचन क्षेत्र नं. १ र उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित भएपछि बारा निर्वाचन क्षेत्र नं. २ का लागि उपनिर्वाचन हुन लागेको हो।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

# मधेसी सहिद लोकमार्गको निर्माण कार्य सुरु हुँदै

टक नेपाल, जनकपुरधाम ।

मधेस प्रदेश सरकारको बजेट भाषणमै सीमित रहेको मधेसी सहिद लोकमार्गको निर्माण कार्य सुरु हुने भएको छ । आइतबार मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले पत्रकार सम्मेलन गर्दै मधेसी सहिद लोकमार्गको निर्माण कार्य यसै वर्षबाट सुरु गर्ने बताएको हो । राजमार्ग निर्माणको डिपिआरको कार्य अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ । मधेस प्रदेश सरकारले आव २०७७।०७८ को बजेटमा यो लोकमार्ग निर्माण गर्न बजेट विनियो जन गरेपनि हालसम्म निर्माण कार्यको प्रक्रिया अगाडि बढाइएको थिएन । यो राजमार्गले मधेस प्रदेशका आठ जिल्ला छुने मधेस प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले बताए। उनले पहिचानसहितको राजमार्ग निर्माण कार्य आफ्नो पहिलो प्राथमिकतामा रहेको बताए ।



निर्माण कार्यलाई द्रुतगतिमा अगाडि बढाउन चार प्याकेटजमा काम हुने मन्त्री यादवले बताए । धनुषा-महोत्तरी, सिरहा-सप्तरी, बारा-पर्सा, सर्लाही-रौतहटगरी चार वटा प्याकेजमा तयार भइरहेको विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) को रिपोर्ट आउँदो जेष्ठम सान्तसम्म तयार हुने उनले बताए । उक्त रिपोर्टको आधारमा यसै वर्ष ठेक्का सम्भौता गरी राजमार्ग निर्माणको कार्य सुरु गरिने मन्त्री यादवले बताए ।

पूर्व पश्चिम राजमार्ग र हुलकी राजमार्गको बीचमा करिब ३० किलो मिटरको दुरीमा बन्ने लोकमार्ग डबल लेनको हुनेछ । आठ जिल्लालाई छुने यो मार्ग सप्तरीदेखि पर्सासम्म करिब तीन सय दश किलो मिटरको बन्ने छ । जसमध्ये सप्तरीमा ६४ किलो मिटर, सिरहामा ४६, धनुषामा ३०, महोत्तरीमा २३, सर्लाहीमा ५१, रौतहटमा २०, बारामा ३६ र पर्सामा ४० किलो मिटरको रहने मन्त्रालयका इन्जिनियर ज्योति साहले बताइन् ।

# दोहोरो अंकले घट्यो नेप्से, एक अर्ब २० करोडको कारोबार

टक नेपाल, काठमाडौं ।

साताको कारोबारको पहिलो दिन आइतबार सेयर बजार ओरालो लागेको छ। आइतबार नेप्से परिसूचक २०.०० अंकले घटेर १८८८.५५ विन्दुमा आएर अडिएको छ। यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.७२ अङ्कले घटेर ३५५.७५ विन्दुमा पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)मा कूल २६० कम्पनीको ३७ लाख ८७ हजार २४१ कित्ता सेयर खरिद बिक्री हुँदा १ अर्ब २० करोड ७१ लाख रुपैयाँमाथिको सेयर कारोबार भएको छ । त्यस्तै, कारोबारको आधारमा



एनआईसी एसिया बैंक अग्रिम स्थानमा छ । यसको आइतबार ५ करोडभन्दा बढीको कारोबार भएको छ । त्यस्तै शिभम् सिमेन्ट र रिडी पावर कम्पनीको कारोबार भएको छ। आइतबारको कारोबारमा १३ वटै उपसूचक रातामे भएको छ ।

आजको कारोबारमा कालिनचोक दर्शन र सिटिजन म्युचुअल फण्डका लगानीकर्ताले अत्याधिक कमाएका छन् । भने, स्वाभिमान लघुवित्त र प्रभु बैंक ऋणपत्रका लगानीकर्ताले अत्यधिक गुमाएका छन् ।


## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

### खेतीयोग्य बाँझो जमिनलाई कृषिमा उपयोग कार्यक्रमका लागि प्रस्ताव आब्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७९ चैत्र २० गते

यस नगरपालिकाको आ.व. २०७९/०८० को स्विकृत बार्षिक कार्यक्रम खेतीयोग्य बाँझो जमिनलाई कृषिमा उपयोग कार्यक्रमका लागि शसर्त अनुदान बापतको रु १ करोड कार्यान्वयनका लागि यस नगरपालिका क्षेत्रमा बाँझो रहेको खेतियोग्य जमीन भएको क्षेत्रमा रहेका कृषि संग सम्वन्धीत समुह/सहकारी/फर्मका लागि १५ दिन भित्र लागत साझेदारी सहितको प्रस्ताव पेश गर्न यो प्रस्ताव आब्हानको सुचना प्रकाशन गरिएको छ । प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रस्ताव पेश गरि सक्नु पर्नेछ । साथै रित नपुगी वा म्याद नाघेर आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन । प्रस्तावको ढाँचा यस नगरपालिकाको योजना शाखामा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।

**आबश्यक कागजात :-**

१.कृषक समुह/सहकारी/फर्म दर्ता र नविकरणको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
२.समुह/सहकारी/फर्मको विधान, नियमावली वा प्रवन्ध पत्रको प्रमाणित प्रतिलिपि ।
३.प्रस्ताव पेश गर्ने समुह/सहकारी/फर्मको कार्यसमितिको निर्णय प्रतिलिपि ।
४.प्रस्ताव अनुसार प्रयोगहुने जग्गाको धनीपुर्जा र कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणपत्र ।
५.मोरिङ्गा र ओड खेती सम्वन्धी लागत साझेदारी सहितको २ प्रति विस्तृत प्रस्ताव ।
६.खेतीको लागि कम्तीमा २ हेक्टर (६० कट्ठा) जमिन कम्तिमा एकै स्थानमा प्लटिङ्ग गर्न मिल्ने हुनुपर्ने ।
७.उक्त जग्गामा कम्तीमा पनि ५ वर्षको लागि मोरिङ्गा र ओड खेती गर्ने प्रतिवद्धताको निर्णय ।
८.अहिले बाँझो रहेको र खेतिमा प्रयोग नभएको देखाउने फोटोहरु ।
९. पुरानो संस्था भए करचुक्ता र लेखापरिक्षण प्रतिवेदन (उपलव्ध हुन सकेमा मात्र) ।

**प्रमुख प्रशासकीय अधिकृत**



## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

### माछा, दलहन, फलफूल, धानबाली र तरकारी पकेट कार्यक्रम संचालनगर्ने सम्वन्धमा प्रस्तावना आब्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७९ चैत्र २० गते

यस नगर पालिकाको आ.व. २०७९/०८० को स्विकृत बार्षिक कार्यक्रम अनुसार माछा, दलहन, बृक्षारोपण र तरकारी पकेट कार्यक्रमका लागि यस नगरपालिका क्षेत्रमा उक्त कार्यक्रमहरु संचालनका लागि नगरपालिका भित्रका समुह/सहकारी/फर्मका लागि १५ दिन भित्र लागत साझेदारी सहितको प्रस्ताव पेश गर्न यो प्रस्ताव आब्हानको सुचना प्रकाशन गरिएको छ । प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रस्ताव पेश गरि सक्नु पर्नेछ । साथै रित नपुगी वा म्याद नाघेर आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन । प्रस्तावको ढाँचा यस नगरपालिकाको योजना शाखामा सम्पर्क गरि प्राप्तगर्न सकिनेछ ।

**आबश्यक कागजात :-**

१. समुह / सहकारी/फर्म दर्ता र नविकरणको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
२. समुह /सहकारी/फर्मको विधान, नियमावली,प्रवन्ध पत्रको प्रमाणित प्रतिलिपि ।
३. प्रस्ताव पेश गर्ने समुह/सहकारी/फर्मको कार्यसमितिको निर्णय प्रतिलिपि ।
४. प्रस्ताव अनुसार प्रयोगहुने जग्गाको धनीपुर्जा र कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणपत्र ।
५. लागत साझेदारी सहितको २ प्रति विस्तृत प्रस्ताव ।
६. पुरानो संस्था भए करचुक्ता र लेखापरिक्षण प्रतिवेदन (उपलव्ध हुन सकेमा मात्र) ।
७. माछा, दलहन, बृक्षारोपण र तरकारी पकेटका लागि एउटै समुह / सहकारी/फर्मले प्रस्ताव पेश गर्न सक्नेछन् । तर एउटा कार्यक्रममा मात्र छनौट गर्न सकिने छ ।
८. **कार्यक्रम साझादेरी रकम यसप्रकार छ :-**

| क्र.स. | कार्यक्रमको नाम | नगरपालिकाको लागत साझेदारी | समुह / सहकारी/ फर्मको साझेदारी |
|---|---|---|---|
| १. | नयाँ माछा पकेट विकास कार्यक्रम सञ्चाकलन | १५ लाख | |
| २. | दलहन बाली पकेट विकास कार्यक्रमको निरन्तरता | ६ लाख | |
| ३. | नयाँ तरकारीबाली पकेट विकास कार्यक्रम सञ्चोलन | १२ लाख | |
| ४. | फलफूल दशक विरुवा रोपण कार्यक्रम | ५ लाख | |
| ५ | धानबाली प्रवर्द्धन कार्यक्रम | २५ लाख २० हजार | |

**प्रमुख प्रशासकीय अधिकृत**


## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। | तुला | विशिष्ट व्यक्तिको सहयोग जुट्नाले आँटेको काम बन्नुका साथै कर्मफल प्राप्ति हुनेछ। |
| बृष | अवसर र व्यवधानका बीचबाट कर्मफल हातपार्न सफल भइनेछ। | वृश्चिक | सम्भावना र अवसर खोजी गर्ने समय छ। |
| मिथुन | परिस्थितिवश केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। | धनु | स्वास्थ्य कमजोर रहनेछ भने केही प्रतिकूल परिस्थितिसँग जुध्नुपर्नेछ। |
| कर्कट | सानातिना काममै अलमलिनाले ठूलो उपलब्धि नहुन सक्छ। | मकर | सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। |
| सिंह | खर्च लागे पनि काम बन्नेछ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला। | कुम्भ | भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। |
| कन्या | कर्मयोगको विशेष फल प्राप्त गर्ने समय छ। | मीन | श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# मन्त्रिपरिषद् विस्तारमा सकस

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएको सय दिन पुग्न बाँकी नै छ। गत पुस १० गते प्रधानमन्त्री बनेका दाहालले यसबीच सातौंपटक मन्त्रिपरिषद् पुनर्गठन गरिसके। तैपनि ६ वटा मन्त्रालय अझै मन्त्रीविहीन छन्। त्यति मात्र होइन, उतिबेला उनलाई प्रधानमन्त्री बनाउन मुख्य भूमिका खेलेका एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले अहिले साथ र समर्थन छाडिसकेका छन् भने उतिबेला दाहाललाई प्रधानमन्त्री बनाउन आनाकानी गरेको नेपाली कांग्रेस अहिले उनको प्रमुख सारथिको रूपमा रहेको छ। यसैका कारण दाहालले तीन महिनाको अवधिमै दुई पटक विश्वासको मत लिइसकेका छन्। यसले नेपाली राजनीतिमा देखिएको अस्थिरतालाई देखाएको त छ नै, साथै राजनीतिको विसंगत पक्षलाई पनि उजागर गरेको छ। प्रधानमन्त्री भएपछि जनताको समस्या सम्बोधनभन्दा पनि यो तीन महिना बढीको अवधिमा प्रधानमन्त्री दाहालले गठबन्धन दलहरूको बैठक गर्ने र मन्त्रिपरिषद् भागबन्डा गर्ने विषयमै आफूलाई सीमित राखे। यसले सरकार र राजनीतिक दलहरू जनताको समस्याप्रति संवेदनशील नभएको प्रस्टै देखिन्छ। त्यस्तै दाहालले मन्त्रिपरिषद् पुनर्गठन गरेर नयाँ दललाई मन्त्रिपरिषद्मा भित्र्याएकै दिन जनमत पार्टीबाट खानेपानी मन्त्री भएका अब्दुल खानले मन्त्रीबाट राजीनामा दिएका छन्। यद्यपि जनमतले दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन। तर यसबीच दाहालले जनमत पार्टीको चित्त बुझाउन सकेनन् र त्यो अवस्थामा उसले समर्थन फिर्ता लिइदियो भने उनले फेरि एक महिनाभित्र विश्वासको मत लिनुपर्नेछ। यसरी प्रधानमन्त्रीले सधैंभरी सरकार ढल्ने हो कि भनेर चिन्ता लिनुपर्ने अवस्था त छ नै, साथै महिनैपिच्छे विश्वासको मत लिनुपर्ने जुन अवस्था देखिएको छ, त्यो दुर्भाग्यपूर्ण अवस्था हो। लामो रस्साकसीपछि प्रधानमन्त्री दाहालले शुक्रबार मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्। पुनर्गठित मन्त्रिपरिषद् १७ सदस्यीय बनेको छ। दाहाल नेतृत्वको सरकारलाई ११ दलको समर्थन रहे पनि सरकारमा सात दल मात्रै रहेका छन्। अहिले मन्त्रिमण्डलमा समावेश गरिएका दलहरूमा माओवादी केन्द्र, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी पार्टी (नेकपा एस), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपाल समाजवादी पार्टी (नेसपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा) छन्। यता जनमत पार्टी मन्त्रीपरिषद् पुनर्गठनदेखि असन्तुष्ट भएर मन्त्री पद छाडेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीलाई उपचुनावअघि सरकारमा समावेश नगराउनेमा सत्तारुढ प्रमुख दल एकमत छन्। त्यसो त रास्वपा आफैंले पनि उपचुनावअघि सरकारमा सहभागी नहुने जनाइसकेको छ। प्रभु साह नेतृत्वको आम जनता पार्टीले पनि सरकारमा हिस्सेदारी पाएको छैन। एक सिट रहेको राष्ट्रिय जनमोर्चाले सरकारलाई समर्थन गरे पनि सरकारमा सहभागी नहुने जनाएको छ। अहिले संसद्मा प्रतिनिधित्व गर्ने दल र सांसदको हिसाबले हेर्ने हो भने एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टीबाहेक अन्य ११ दलको समर्थन दाहाललाई रहेको देखिन्छ। यस हिसाबले दाहाल नेतृत्वको सरकार लाई संसद्मा धेरै नै सुविधाजनक बहुमत छ। तैपनि दाहाल नेतृत्वको सरकार यति धेरै कमजोर देखिएको छ कि प्रधानमन्त्रीले पाइलैपिच्छे सरकार टिकाउन सम्झौता गर्नुपर्ने अवस्था छ। त्यसैले त प्रधानमन्त्री दाहालले तीन महिनाभन्दा बढीको समय मन्त्रिपरिषद् पुनर्गठनमै खेर फाले। दलहरूबीचको भागबन्डा नमिलेको मात्रै होइन, स्वयं एउटै दलभित्र गुट-उपगुटका कारण गठबन्धन दलहरूभित्र भद्रगोल देखिन्छ, जसको असरचाहिँ मन्त्रिपरिषद् पुनर्गठनदेखि सरकारको कामसम्ममा देखिएको छ। नेपाली कांग्रेसले आन्तरिक असमझदारीकै कारण आफ्नो भागमा परेका आठ मन्त्रालयमध्ये चार जनालाई मात्र मन्त्री बनाएको छ। त्यस्तै दुई वटा मन्त्रालय भागमा परेको जसपाले पनि पार्टीको आन्तरिक समस्याकै कारण एउटा मात्र मन्त्री पठाएको छ। कांग्रेसमा संस्थापन इतर पक्षले तीन मन्त्रालय मागे पनि सभापति शेरबहादुर देउवा त्यो पक्षलाई दुई मात्रै मन्त्रालय दिन तयार छन्। देउवाले इतर पक्षलाई परराष्ट्र र खेलकुद मन्त्रालय दिन तयार भएका तर तीनवटा मन्त्रालय नपाएसम्म सरकारमा नजाने इतर पक्षको अडानका कारण कांग्रेसले सबै को सूची नपठाएको हो। इतर पक्षले नाम नदिएपछि देउवाले चारजनालाई मात्रै मन्त्रीमा पठाए। यसपटक कांग्रेसबाट सरकारमा सहभागी भएका पूर्णबहादुर खड्का, प्रकाशरण महत, रमेश रिजाल तथा सीता गुरुङ सभापति देउवानिकट मानिन्छन्। जसपाका भागमा दुईवटा मन्त्रालय परे पनि अध्यक्ष उपेन्द्र यादवले उपनिर्वाचनमा आफूलाई असहयोग हुने डरले सरकारमा अशोक राईलाई मात्र पठाए। एकजना मन्त्रीको स्थान बाँकी नै राखेका छन्। राईको विषयमा जसपाभित्र विवाद नभए पनि बाँकी एक सिटमा जसपाका सबै सांसद सरकारमा जान इच्छुक छन्। प्रदीप यादव, राजकिशोर यादव र रेखा यादवले मन्त्री बन्न निकै कसरत गरेका र तीमध्ये एक जनालाई सरकारमा पठाउँदा अन्य बाँकी सांसद एकजुट भई उपनिर्वाचनमा आफूलाई असहयोग गर्नसक्ने आकलनकै कारण उनले अर्को नाम नपठाएका हुन्। यही वैशाख १० गते हुने उपनिर्वाचनमा अध्यक्ष यादवले बारा-२ मा उम्मेदवारी दिने तयारी गरेका छन्। यसरी दलभित्रकै आन्तरिक विवादका कारण पनि मन्त्रिपरिषद्ले पूर्णता नपाएको बुझ्न कठिन छैन। यो अवस्थामा प्रधानमन्त्री दाहालले कानुन, न्याय तथा संसदीय मामिला, खानेपानी तथा सरसफाइ, परराष्ट्र, वन तथा वातावरण, युवा तथा खेलकुद र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आफैंसँग राखेका छन्। यसरी सरकार गठन भएको तीन महिनासम्म पनि प्रधानमन्त्री दाहालले मन्त्रिपरिषद्लाई पूर्णता दिन नसक्नुले उनी विस्तारै असफलतातिर धकेलिन सक्ने सम्भावना छ। यो अवस्थामा प्रधानमन्त्री दाहालले सबै दलसँग सहकार्य गर्दै मन्त्रिपरिषद्लाई पूर्णता दिई जनताको समस्यामा ध्यान केन्द्रित गर्न आवश्यक छ।

ManaraShiswa Municipality,

**Office Of Municipal Executive,Manara,Mahottari**

Madhesh Province

**Invitation for Sealed bids**

**Date of publication: 2079/12/20( April 03, 2023)**

1. **ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari** invites sealed bids from Nepalese eligible bidders for the Procurement Of construction Of Works as Mentioned Below in the table.

| S. N. | Contract ID | Description Of Project | Total Estimated Amount (Nrs)Exclusive of PS & VAT | Bid document fee | Last Date & Time Of Bid document Purchase | Last Date & Time Of Bid Submission | Bid Opening Date & Time | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity |
| i | Mun/Manara/Works /NCB/14/2079/80 | श्री जनता मा.वि. कटैया भवन निर्माण ,मनरा शिसवा न.पा -५ | 30,98,981.14 | 3000 | 2080-01-19(May 2 ,2023) During Office Hours | 2080-01-20(May 3 ,2023) 12 Hours | 2080-01-20(May 3 ,2023) 13 hours | 90 days | 80,000 | 120 days |
| ii | Mun/Manara/Works /NCB/15/2079/80 | श्री जनता मा.वि सोनौल भवन निर्माण मनरा शिसवा न.पा -३ | 39,43,159.02 | 3000 | 2080-01-19(May 2 ,2023) During Office Hours | 2080-01-20(May 3 ,2023) 12 Hours | 2080-01-20(May 3 ,2023) 13 hours | 90 days | 1,00,000 | 120 days |
| iii | Mun/Manara/Works /NCB/16/2079/80 | श्री चुल्हाई माया आ.वि. सरपल्लो भवन निर्माण मनरा शिसवा न.पा -६ | 26,07,663.57 | 3000 | 2080-01-19(May 2 ,2023) During Office Hours | 2080-01-20(May 3 ,2023) 12 Hours | 2080-01-20(May 3 ,2023) 13 hours | 90 days | 70,000 | 120 days |
| iv | Mun/Manara/Works /NCB/17/2079/80 | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय बथनाहा मुसहरी टोल भवन निर्माण,मनरा शिसवा न.पा.९ | 27,08,338.15 | 3000 | 2080-01-19(May 2 ,2023) During Office Hours | 2080-01-20(May 3 ,2023) 12 Hours | 2080-01-20(May 3 ,2023) 13 hours | 90 days | 70,000 | 120 days |
| v | Mun/Manara/Works /NCB/18/2079/80 | श्री जन एकता आधारभूत विद्यालय सानो कट्टी मनरा शिसवा न.पा .-५ | 27,08,338.15 | 3000 | 2080-01-19(May 2 ,2023) During Office Hours | 2080-01-20(May 3 ,2023) 12 Hours | 2080-01-20(May 3 ,2023) 13 hours | 90 days | 70,000 | 120 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **ManaraShiswaMunicipality,Office Of Municipal Executive,Manara,Mahottari,email-manarasishwamun.gov@gmail.com**.

3. A complete set of Bidding Documents may be purchased from the **ManaraShiswa**Municipality,Office Of Municipal Executive, Manara, Mahottari by eligible bidders on the submission of a written application along with the copy of company/firm registration certificate.

4. Pre-bid meeting for NCB shall be held at 2080-01-08 (April 21,2023),11:00 Hrs at ManaraSishwa Municipality, Office Of Municipal Executive Hall

5. Sealed Bids must be submitted to the**ManaraShiswaMunicipality,Office Of Municipal Executive, Manara, Mahottari** by hand (Hardcopy Submission)on or beforeasmentioned in the table above. Bids received after this deadline will be rejected.

6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at Date And timeas mentioned in the table above at the office of **ManaraShiswaMunicipality,Office Of Municipal Executive,Manara,Mahottari.**Bids must be valid for days mentioned in the table above after bid opening and must be accompanied by bid security through approved bank guaranteeorapproved cash deposit voucher of bid security amount mentioned in the table above ,which shall be valid for 30 days beyond the validity period of the bid.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

8 . If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and publicprocurement Regulations 2064, the provision of this document shall be void to the extent of suchinconsistency and the provision of PPA, PPR& their latest amendment prevail.

**Information to Deposit Cost Of Bidding Document & Bid Security Amount**

| Cash Deposit Of | Name Of The Bank | Account Name | Account No | |
|---|---|---|---|---|
| Bidding Document Fee | Laxmi Bank Ltd ,Manara Branch, Mahottari | AANTARIK RAJASHWO KHATA GA-1.1 | 08403000047 | Amount: As Mentioned in the Table Above |
| Bid Security Amount | Laxmi Bank Ltd ,Manara Branch, Mahottari | STHANIYA TAHA DHARAUTI KHATA GA-3 | 08403000193 | |

**Chief Adminstrative Officer**

टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी दर्ता नं. ५६-२०७८-०७९



# भारतबाट घटेर आयो पेट्रोल र डिजलको मूल्य

टक नेपाल, काठमाडौं।

भारतबाट पेट्रोल र डिजेलको मूल्य घटेर आएको छ । भारतीय आयल कर्पोरेसन (आईओसी) ले पेट्रोल र डिजेलको मूल्य घटाएर नयाँ सूची नेपाल आयल निगमलाई पठाएको छ। निगमका अनुसार आईओसीले पठाएको नयाँ मूल्य सूचीमा पेट्रोल प्रतिलिटर १ रुपैयाँ ७४ पैसा र डिजेल प्रतिलिटर ६ रुपैयाँ ८२ पैसा घटेर आएको छ। अहिले पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर १ सय ७८ रुपैयाँ र डिजलको १ सय ७५ रुपैयाँ छ । भारतबाट धेरै पटक




मूल्य घटेर आए पनि निगमले यसअघिको घाटा र ग्यासबाट हुँदै आएको घाटालाई पूर्ति गर्न भन्दै भाउ घटाएको छै । आईओसीले हरेक १५ दिनमा अन्तर्राष्ट्रिय बजार मूल्य अनुसार नेपाल आयल निगमलाई नयाँ मूल्यसूची पठाउने गर्दछ ।

# बारा-२ मा उपेन्द्र यादवलाई एमालेले तह लगाउँछ: महेश बस्नेत

टक नेपाल, वीरगञ्ज ।

नेकपा एमालेका नेता महेश बस्नेतले बारामा जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव तीन वटा टाउको भएको नाग बनेर आउन लागेको टिप्पणी गरेका छन् । उनले बारा-२ मा हुन लागेको उपनिर्वाचनमा यादव आफ्नो पार्टीसहित माओवादी र कांग्रेसको साथ लिएर तीन वटा टाउको भएको नाग बनेर आउन लागेको बताएका हुन्। नेकपा एमाले उक्त नागलाई तह लगाउने गरुडको रुपमा तयार भएर बारा-२ मा बसेको बस्नेतले दाबी गरे। ‘आज उपेन्द्र जीसँग कांग्रेस पनि मिलेर आइरहेको, माओवादी पनि मिलेर आइरहेको छ। त्यही भएर उपेन्द्र जी तीन वटा टाउको भएको नाग भएर आइरहनु




भएको छ,’ उनले भने, ‘मलाई लाग्छ, नेकपा एमाले त्यो तीन वटा टाउको भएको नागलाई तह लगाउन तयार भएर बसेको छ बारा-२ मा।’ राष्ट्रिय युवा संघको पर्सा जिल्लास्तरीय भेलालाई सम्बोधन गर्दै उनले मधेस प्रदेशमा कर्णाली र सुदूरपश्चिम प्रदेशको भन्दा पनि कम साक्षरता रहेको र मानव सुचकांकमा पनि सबै प्रदेशभन्दा पछाडि रहेको बताए । मधेस आन्दोलनको बलमा उपेन्द्र यादव र महन्थ ठाकुरको पार्टीले अनेकौं सुविधा र लाभहरु प्राप्त गरेको बताउँदै उनले उप्रधानमन्त्री, मन्त्री र मुख्यमन्त्रीसमेत पाएकाले मधेस पछाडि पर्नुको दोष उनीहरुले लिनुपर्ने बताए ।

# सप्तरीमा ट्र्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु



टक नेपाल, जनकपुरधाम ।

सप्तरीमा ट्र्याक्टर अनियन्त्रि भएर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । आइतबार बिहान करिब १० बजे जिल्लाको बोदेबर्साइन नगरपालिका-३ सारसर पुर्बारी टोलस्थित भित्री सडकखण्डमा प्र-२-०१-००१ त २५१७ नम्बरको ट्र्याक्टर अनियन्त्रित भएर दुर्घटना भएको हो । दुर्घटनामा सोही नगर पालिकाको वडा नं. १ धनगढी बस्ने २२ वर्षीय पंकज यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । घटनास्थलमै मृत्यु भएका युवकको शव पोष्टमार्टमका लागि अस्पतालमा पठाइएको तथा यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।

# प्रतिनिधिसभा नियमावली मस्यौदा बहुमतले पारित

टक नेपाल, काठमाडौं।

प्रतिनिधिसभाको आजको बैठकले प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदनलाई संशोधनसहित पारित गरेको छ। बैठकमा प्रतिनिधिसभा नियमावली मस्यौदा समितिका सभापति चित्रबहादुर केसीका तर्फबाट समिति सदस्य रमेश लेखकले ‘प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ लाई पारित गरियोस्’ भनी प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्तावलाई बहुमतले पारित गरेको हो। प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदनलाई पारित हुनुअघि बैठकमा उक्त प्रतिवेदनमाथि दफावार छलफल भएको थियो । छलफलका क्रममा सभापति चित्रबहादुर केसीका तर्फबाट समिति सदस्य लेखकले सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिएका थिए । जवाफको क्रममा समिति सदस्य लेखकले समावेश गर्न आवश्यक केही संशोधनहरुलाई मस्यौदामा स्वीकार गरिएको सभालाई जानकारी गराएका थिए । यसैगरी, बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले ‘राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन (आव २०७/०७९०’ पेश गरेकी थिइन्। बैठकमा सभामुख देवराज घिमिरेले राष्ट्रपति कार्यालयबाट मन्त्रिपरिषद् गठनसम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाएका थिए । बैठकको सुरुमा सभामुख घिमिरेले आज मात्र सपथ लिएका जनता समाजवादी पार्टी नेपालका समानुपातिक सांसद मञ्जु शर्मा अन्सारीलाई बैठकमा स्वागत गरेका थिए । प्रतिनिधिसभाको अर्को बैठक यही चैत २३ गते दिउँसो १ बजे बस्नेछ ।


मनराशिसवा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

**माछा उत्पादन आत्मनिर्भर कार्यक्रम संचालनगर्ने सम्वन्धमा प्रस्तावना आब्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति २०७९ चैत्र २० गते

यस नगर पालिकाको आ.व. २०७९/०८० को स्विकृत बार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरण भएको माछा उत्पादन आत्मनिर्भर कार्यक्रमका लागि शसर्त अनुदान बापतको रु ७५ लाख कार्यान्वयनका लागि यस नगरपालिका क्षेत्रमा माछा उत्पादन र प्रवर्द्धनसंग सम्वन्धीत समुह/सहकारी/फर्मका लागि १५ दिन भित्र लागत साझेदारी सहितको प्रस्ताव पेश गर्न यो प्रस्ताव आब्हानको सुचना प्रकाशन गरिएको छ। प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रस्ताव पेश गरि सक्नु पर्नेछ। साथै रित नपुगी वा म्याद नाघेर आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन । प्रस्तावको ढाँचा यस नगरपालिकाको योजना शाखामा सम्पर्क गरि प्राप्तगर्न सकिनेछ ।

**आबश्यक कागजात :-**

१.माछा उत्पादन वा प्रवर्द्धन समुह/सहकारी/फर्म दर्ता र नविकरणको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
२.माछा उत्पादन वा प्रवर्द्धन समुह /सहकारी/फर्मको विधान, नियमावली,प्रवन्ध पत्रको प्रमाणित प्रतिलिपि।
३.प्रस्ताव पेश गर्ने समुह/सहकारी/फर्मको कार्यसमितिको निर्णय प्रतिलिपि।
४.प्रस्ताव अनुसार जग्गा प्रयोगहुने भए सोको धनीपुर्जा र कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणपत्र।
५.माछा उत्पादन वा प्रवर्द्धन लागत साझेदारी सहितको २ प्रति विस्तृत प्रस्ताव।
६. पुरानो संस्था भए करचुक्ता र लेखापरिक्षण प्रतिवेदन (उपलव्ध हुन सकेमा मात्र)।

**प्रमुख प्रशासकीय अधिकृत**







बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, प्रवन्धक : बिनोद ढुंगेल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com